# नेपाल एसबिआई बैंक लिमिटेड
# NEPAL SBI BANK LTD.

प्रधान कार्यालय: कमलादी, काठमाडौं, फोन: ०१-५९७०३३३


## "७.९% नेपाल एसबिआई बैंक ऋणपत्र (Debenture) २०८०" को साँवा तथा ब्याज भुक्तानी बारेको सूचना

नेपाल एसबिआई बैंक लिमिटेडले निष्काशन गरेको **"७.९% नेपाल एसबिआई बैंक ऋणपत्र (Debenture) २०८०"** नामको रु. १,०००/- अंकित दरका २००,००० कित्ता ऋणपत्रहरु (रु.२० करोड बराबरको) समयावधी मिति २०८१/०१/०६ मा समाप्त हुने हुँदा उक्त ऋणपत्रको साँवा र तिर्न बाँकी ब्याज रकम एकमुष्ठ मिति २०८१/०१/०७ गतेदेखि नेपाल एसबिआई बैंक लिमिटेडको सम्पूर्ण शाखा कार्यालयहरुबाट भूक्तानी गरिने व्यहोरा सम्पूर्ण लगानीकर्ता महानुभावहरुलाई जानकारी गराइन्छ।

ऋणपत्रधनीहरुले ऋणपत्रको साँवा तथा ब्याज भूक्तानी लिन आउँदा आफ्नो सम्पूर्ण प्रमाणपत्रहरु/ ब्याज भुक्तानी पुर्जाहरुको सक्कल प्रति साथै आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्रको सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। स्वयं उपस्थित हुन नसकि अन्य व्यक्ति मार्फत ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी चेक संकलन गर्न चाहने ऋणपत्रधनीहरुको हकमा रितपूर्वक मञ्जुरीनामा प्रदान गरी निज मार्फत ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी चेक संकलन गर्न सकिनेछ। यसरी मञ्जुरीनामा प्राप्त गर्ने व्यक्तिले ऋणपत्रको साँवा तथा ब्याज भुक्तानी चेक संकलन गर्दा ऋणपत्रधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको साथै आफ्नो आधिकारिक परिचयपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

यसअघि नेपाल एसबिआई बैंकमा खाता मार्फत ब्याज भुक्तानी लिई आउनु भएका ऋणपत्रधनीहरुले प्राप्त गर्नुपर्ने ऋणपत्रको साँवा तथा ब्याज ऋणपत्रधनी महानुभावहरुको सोही खातामा जम्मा गरिने व्यहोरा अनुरोध छ। खाता मार्फत साँवा ब्याज भुक्तानी गरिने ऋणपत्रधनी महानुभावहरुलाई समेत खाताबाट रकम झिक्नु अघि सक्कल ऋणपत्रको प्रमाण पत्र तथा ब्याज भूक्तानी पूर्जा बैंकमा बुझाई दिनुहुन हार्दिक अनुरोध छ।

विस्तृत जानकारीको लागि यस बैकको वित्त तथा योजना विभाग, कमलादी, काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध छ।


**शेयर रजिष्ट्रार**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np